# “छोरा नबाँचे पनि श्रीमती बाँचिन्, त्यही नै ठूलो भाग्य हो”

स्वस्तिका भट्टराई

गर्भवती महिलाहरू आफ्नो स्वास्थ्य प्राप्तिको चेतनाको अभावमा निर्णय गर्न ढिला हुने कारण उनीहरूको स्वास्थ्य जोखिममा पर्ने गर्छ । यस्तो अवस्थामा महिलाहरू मुश्किलले बाँचे पनि अधिकांश शिशुहरू केही गर्भमै त केही जन्मेको केही दिनमै मर्ने गर्छन् ।

धनगढी गोदावरी गाउँ विकास समिति ओलेनीकी ३० वर्षीया खिनादेवी खड्काले आफै स्वास्थ्य सेवा लिने कुरामा निर्णय गर्न ढिलो हुँदा उनले तेस्रो बच्चा पनि गुमाइन् । तर अझै उनी समयमा अस्पताल नपुगेको भए उनको पनि ज्यान जान सक्ने कुरा सेती अञ्चल अस्पतालका स्वास्थ्यकर्मीहरू बताउँछन् ।

खिनादेवीलाई अस्पताल आउनुभन्दा दुई दिनअगाडिदेखि पेट दुख्न शुरु भएको थियो । पेट दुख्न शुरु भए पनि उनले कसैलाई भनिनन् । उनले पहिला बच्चा जन्मेजस्तै जन्मिन्छ भनेर कसैलाई भनिनन् । गाउँघरमा प्रायः बच्चा पाउन प्रसव बेथा लागेको कुरा हल्ला गर्दैनन् । जतिजनालाई भन्यो त्यति नै बेथा लम्बिन्छ भन्ने परम्परागत विश्वास रहेको छ । उनको पहिलो बच्चा सजिलैसँग जन्मेको थियो । दोस्रो बच्चा पेटभित्रै मऱ्यो तर पनि सजिलैसँग जन्मेको थियो । त्यसपालि १०(१५ दिन अघि नै बच्चा चल्न छोडेको थियो । तर पनि उनले कुनै पनि स्वास्थ्य सेवा लिइनन्, आफूलाई त्यतिखेर केही नभएको खिनादेवी बताउँछिन् । बच्चा जन्मेको १०(११ दिनदेखि नै घरको काम गर्न थालेकी थिइन् ।

तेस्रोपटकको गर्भावस्थालाई पनि उनले सहजै तरिकाले लिइन् । उनले घरमा सासू तथा श्रीमान्लाई केही पनि भनिनन् । बिहानको करिब ४ बजे बच्चादानीको मुखबाट पानी बग्न शुरु भयो, पानीसँगै नाल पनि बाहिर आयो । धेरै परिश्रम गर्दा पनि बच्चा जन्मेन तब मात्र उनले त्यो कुरा सासू र श्रीमान्लाई भनिन् । श्रीमान्ले थाहा पाउनेबित्तिकै आत्तिए । उनी सवारी साधन जुटाउन लागे । ओलेनी गाउँ धनगढीबाट करिब दुई घण्टाको बसको दूरीमा पर्छ । त्यहाँ कच्ची बाटो मात्र पुगेको छ । कच्ची बाटोको कारण बस नियमित रूपमा चल्दैन । बिहानको करिब ८(९ बजेसम्म पनि कुनै सवारी साधन जुट्न नसकेपछि उनले प्रहरीलाई फोन गरे र खिनादेवीलाई खाटमै बोकेर अस्पताल ल्याउने व्यवस्था गरे । त्यस दिन नेपाल बन्दको दिन परेको कारण कुनै पनि सवारी साधन चलेका थिएनन् । ल्याउँदाल्याउँदै बाटोमा प्रहरीको गाडी भेटेर त्यसमै करिब १२ बजे अस्पताल ल्याइपुऱ्याए ।

अस्पताल ल्याइपुऱ्याउँदा उनी मुर्छित अवस्थामा थिइन् । डाक्टर(नर्सहरूले उनको स्वास्थ्य परीक्षण गरे । बच्चादानीको मुखबाट करिब ३ फुट लामो नाल झुण्डिरहेको थियो । स्वास्थ्यकर्मीहरूका अनुसार बच्चा ठूलो थियो र एकदमै अप्ठ्यारो स्थितिमा बसेको थियो, चलेको थिएन । डाक्टरहरूले खिनादेवीलाई बचाउन तुरुन्तै अपरेशन गरेर बच्चा निकाल्ने निर्णय गरे । उनको पेट चिरेर बच्चा निकालियो, तर बच्चा मरिसकेको थियो ।

आफ्नै अज्ञानता र मिच्ने प्रवृत्तिले गर्दा छोरा मरेकोमा उनी दुःखी हुन्छिन् । खिनादेवी भन्छिन( श्रीमान्ले त बेलाबेलामा मलाई स्वास्थ्यचौकीमा गएर देखाऊ, बेला भएपछि अस्पताल जानुपर्छ भन्नुभएको थियो तर मैले बुद्धि पुऱ्याइन् ।

खिनादेवीका श्रीमान् दानबहादुर पनि श्रीमतीले समयमा आफूलाई थाहा दिएको भए आफ्नो बच्चा बच्न सक्ने सम्भावना भएको बताउँछन् । “प्रसव बेथा लाग्नेबित्तिकै श्रीमतीले आफूलाई भनिनन्, भनेको भए आफूले एक दिनअघि नै अस्पताल ल्याउने थिएँ, मेरो छोरा मर्ने थिएन”( दानबहादुर बताउँछन् । गर्भावस्थामा पनि पटकपटक आफूले श्रीमतीलाई स्वास्थ्य परीक्षणको लागि भनेको तर श्रीमतीले आफ्नो अनुरोधलाई एक कानले सुनेर अर्को कानले उडाउने गरेको कारण नै यस्तो परिस्थिति आएको पनि उनी बताउँछन् ।

१५ वर्षदेखि भारतको बम्बैमा वाचम्यानको काम गर्दै आएका दानबहादुरको आफ्नो घर डोटी जिल्लाको गैह्रा गाउँ गाविस पुल्कोटमा पर्छ । उनी यही जेठदेखि ओलानमा बसाइँ सरेका हुन् । धनगडी, ओलानमै खेतीपाती गरेर बस्ने उद्देश्यले उनी त्यहाँ आएका थिए । उनको पहिले छोरी बम्बैमै जन्मेकी थिई । त्यसबेला खिनादेवीले छोरीलाई सहजै तरिकाले जन्म दिएकी थिइन् ।

दोस्रो बच्चाको पालिमा खिनादेवी डोटीमै थिइन् । डोटीमा अधिकांश महिलाहरू घरमै बच्चा जन्म दिने गर्छन् । खिनादेवीले पनि आफ्नो परिवारमा कोही पनि अस्पताल गएर बच्चा जन्माएको वा स्वास्थ्य परीक्षणको लागि नै अस्पताल वा स्वस्थ्यचौकी गएको नै देखेकी थिइनन् । त्यही कारण उनले यसपटक पनि श्रीमान्ले बारम्बार अनुरोध गर्दा पनि न त स्वास्थ्य परीक्षणका लागि गइन् न त प्रसव पीडा शुरु भएपछि श्रीमान्लाई थाहा नै दिइनन् ।

गाउँमा महिलाहरू अप्ठ्यारो परिस्थिति नपरुन्जेल स्वास्थ्य सेवा प्राप्तिको लागि कोसिस गर्दैनन्, निर्णय गर्न ढिला गर्छन् । जब निर्णय गर्छन् तब पनि यातायातको असुविधा, भौगोलिक अवस्थाको कारणले ढिलो अस्पताल आइपुग्छन । अस्पताल आइपुगेकालाई हामी सकेसम्म आमा र बच्चा दुवैलाई बचाउन कोसिस गर्छौं तर प्रायजसो बच्चालाई बचाउन नसकिएको तथ्य पनि अस्पतालका सुपरिटेन्डेन्ट डा. कृष्णकुमार राई बताउनुहुन्छ ।

त्यसैगरी धनगढीबाट ६ किलोमिटर उत्तरमा पर्ने गेटा गाविस मोहनपुरकी १७ वर्षीया शान्ति विकलाई पनि अन्तिम अवस्थामा मात्र अस्पताल ल्याइपुऱ्याएर उनको ज्यान बचाउन सकियो । उनको ज्यान त बच्यो तर बच्चा ३ दिन बाँचेर मऱ्यो र बच्चा मर्नुको कारण उनी स्वास्थ्य सेवाको लागि ढिला अस्पताल आइपुग्नु हो । अझ ढिलो भएको भए उनको भुँडी नै फुट्ने सम्भावना भएको कुरा अस्पतालका स्वास्थ्यकर्मीहरू बताउँछन् । शान्तिलाई बेहोसी अवस्थामा अस्पताल ल्याइएको थियो । बच्चाको टाउको २०(२२ घण्टादेखि बच्चादानीको मुख (योनी) मा अड्केको थियो जसले गर्दा बच्चालाई जिउँदै पेटबाट निकाले पनि श्वास(प्रश्वासमा समस्या भएर ३ दिनमै बच्चा मरेको कुरा डा. राई बताउनुहुन्छ । जन्मिदा बच्चाले राम्रोसँग आँखा हेरेको थियो । डाक्टरले भनेर गाईको दूध पनि ख्वाइएको थियो तर तेस्रो दिनमा बच्चा मऱ्यो ।

आफू मर्ने अवस्थामा अस्पताल ल्याइपुऱ्याएर सग्लो बच्चा र आफ्नो ज्यान बचेकोमा खुसी भएकी शान्ति अचानक ३ दिनमै बच्चा मरेकोमा आफू मर्माहत भएको बताउँछिन् । उनी गहभरि आँसु पार्दै भन्छिन्( मलाई गर्भावस्थामा पनि साह्रै गाह्रो भएको थियो । बस्न( उठ्न पनि ज्यादै कष्ट हुन्थ्यो । त्यतिखेरको दुःख सम्झेर मैले यो बच्चा हुनेबित्तिकै परिवार नियोजन गर्छु भन्ने सोचेकी थिएँ । शान्तिले दुई वर्षअगाडि जनकपुरका ३४ वर्षीय लकड (लोरी) जनकपुरियासँग विवाह गरेकी थिइन् । लकड जनकपुरिया गाडी चलाउने काम गर्छन् । विवाह भएपछि शान्ति आफ्नो श्रीमान्सँगै मोहनपुरमा बस्दै आएकी छन् । आफ्नो माइतीमा बाल बिहानी प्रौढ कक्षा मात्र पढेकी शान्तिलाई गर्भावस्थामा स्वास्थ्य परीक्षण गराउनुपर्छ भन्ने ज्ञान थिएन ।

शान्तिले आफूले थाहा पाउने बेलादेखि अहिलेसम्म न त डाक्टरको औषधि खाएकी छिन् न त कुनै स्वास्थ्यकर्मीलाई नै स्वास्थ्य परीक्षण गराएकी छिन् । श्रीमान्(श्रीमती मात्र बस्ने हुँदा लकड जनकपुरिया धेरैजसो घरबाहिर नै समय बिताउँथे जसले गर्दा शान्ति प्रायः एक्लै हुन्थिन् । त्यस्तो अवस्थामा न त शान्तिलाई स्वास्थ्य परीक्षण गराउनुपर्छ भन्ने ज्ञान थियो न त श्रीमान्लाई थाहा थियो ।

चार दिनअगाडिदेखि शान्तिलाई पेट दुख्न शुरु भएको थियो । २ दिनसम्म अलिअलि मात्र दुख्यो, तेस्रो दिनदेखि असह्य भएर आयो । श्रीमान्ले त्यहीं गाउँकै सुडेनीलाई बोलाएर ल्याए, सुडेनीले आत्तिनुपर्दैन, बच्चा हुन्छ भनिन् । तर शान्तिलाई पीडा असह्य हुँदै गइरहेको थियो, उनले आफ्नी आमालाई खबर पठाइसकेकी थिइन्, जब शान्तिकी आमा त्यहाँ आइपुगिन् शान्ति बेहोस भइसकेकी थिइन् । उनका श्रीमान् अलमल्ल परिरहेका थिए । सुडेनी र सँगै बस्ने छिमेकीले पनि बच्चा त्यहीं हुन्छ भनेकाले श्रीमान्ले के गर्ने भनेर निर्णय लिन सकेका थिएनन् । शान्तिकी आमाले तुरुन्तै उनलाई अस्पताल पुऱ्याउने निर्णय लिइन् । श्रीमान्ले हतारहतार टेम्पो खोजेर उनलाई सेती अञ्चल अस्पताल पुऱ्याए । शान्तिको स्वास्थ्य परीक्षण गरियो । उनको बच्चादानीको मुखमा बच्चाको टाउको अड्केको थियो । डाक्टरहरूले बच्चादानीको मुखबाटै उनलाई सुत्केरी गराउन खोजे, सफल भएनन् र तुरुन्तै पेट चिरेर बच्चा निकाले, बच्चा ठूलो थियो ।

अपरेशनपछि ७ घण्टामा होस आएकी शान्तिलाई आफ्नो दोस्रो जन्म भएकोजस्तो लाग्यो । उनी आफू बाँच्ने आशै नभएको बताउँछिन् । शान्ति भन्छिन्( अहिले शायद मेरो बच्चा जन्माउने उमेर पुगेको रहेनछ, सानै रहेछजस्तो लाग्छ ।

शान्तिका श्रीमान् लकड जनकपुरिया भन्छन्( कति गर्भवती महिलाहरूलाई सुत्केरी गराउन गाडीमा चढाएर अस्पताल पुऱ्याएँ तर श्रीमतीलाई अस्पताल लगिहाल्नुपर्छ भन्ने मलाई होसै भएन । साथमा छिमेकी र गाउँकै सुडेनी पनि थिइन्, उनले घरमै हुन्छ भनिन् त्यसैले मैले निर्णय गर्न सकिनँ । “छोरा बाँचेन तर श्रीमती बाँचिन् त्यही नै मेरो लागि भाग्य हो” बच्चा त भगवान्ले दिन्छ उनैले लिन्छ( जनकपुरिया बताउँछन् ।

धनगढी नगरपालिकाभित्रैका वडाहरूबाट पनि सुत्केरी हुने महिलाहरू अन्तिम अवस्था नभएसम्म हतपति आउँदैनन्, आए पनि अन्तिम अवस्थामा आउँछन् । जसले गर्दा आमालाई बचाउन सकिए पनि बच्चालाई बचाउन नसक्ने कुरा डा. राई बताउनुहुन्छ । विश्व स्वास्थ्य सगंठनका अनुसार ४० प्रतिशत महिलाहरूले गाईभैंसीले जस्तै कुनै अप्ठ्यारो नभईकन बच्चा जन्माउँछन् भने ६० प्रतिशतले विभिन्न अप्ठ्यारो परिस्थितिबाट गुज्रनुपर्छ । त्यस्तो अप्ठयारो स्थिति कसलाई कतिबेला पर्छ अनुमान गर्न सकिँदैन । ६० प्रतिशतमध्ये १५ प्रतिशतलाई जीवनमरणको समस्या पर्छ जसमा ५ प्रतिशत आमाको पेट चिरेरै बच्चा निकाल्नुपर्छ भने १० प्रतिशतको भ्याकुमको सहायता वा औषधि दिएर बच्चा निकाल्नुपर्छ । बाँकी ४५ प्रतिशतलाई साधारण सहायता चाहिन्छ जुन मातृ शिशु कार्यकर्ता वा सुडेनीले सहयोग गर्न सक्ने कुरा पनि डा. राई बताउनुहुन्छ । खासगरी पिछडिएको समुदायका व्यक्तिहरू स्वास्थ्य सेवा लिनको लागि छिट्टै निर्णय गर्न सक्दैनन् । बाटोको असुविधा र चेतनाको कमीले गर्दा पनि समयमा अस्पताल पुग्दैनन् भने कैयौंले स्वास्थ्य कार्यकर्ता र अस्पतालको मुख पनि देखेका हुँदैनन् । सेती अञ्चल अस्पतालको गत सालको तथ्याङ्कअनुसार ९ सय ५३ जना महिलाहरू सुत्केरी हुनका लागि र १ सय ६५ जना गर्भपतनको सिलसिलामा भर्ना भएका थिए । जसमा ९ सय ४० जना साधारण तरिकाले सुत्केरी भएका थिए भने ५२ जनालाई पेट चिरेर, ७ जनालाई फोरसेप तरिकाले र ८ जनामा हात, खुट्टा तथा साल पहिले निस्कनेजस्ता समस्या भएको थियो । त्यसमध्ये ३६ जना बच्चाहरू र २ जना आमाहरूको मृत्यु भएको थियो ।

परिवार नियोजनको असफलतापछि....
कविराज नेपाल

२०५५ साल पुस ५ गते स्थायी परिवार नियोजन गरेकी कमला दर्लामीले २०५७ भदौ २४ मा जुम्ल्याहा छोरी जन्माइन् । एक छोरा र एक छोरी जन्मेपछि अप्रेशन गराएर ढुक्क भएको ठानेकी, पाल्पा खस्यौली गाविस वडा नं. ४ कि दर्लामी अहिले चारजना छोराछोरीको शिक्षादीक्षा, लालनपालन कसरी गर्ने भन्ने पीडाले आक्रान्त छन् भने उनका लोग्ने अब पुनः कसले अप्रेशन गर्ने भन्ने चिन्ताले पिरोलिएका छन् ।

उनका लोग्ने हुमबहादुर दर्लामी हरेक दिन मेहनत मजदुरी गरेर आफ्नो परिवारको भरणपोषण गर्दछन् । एक दिन मात्र पनि काममा जान नपाए त्यो दिन घरमा चुलो नै नबल्ने पो हो कि भन्ने चिन्ताले उनलाई सताउँछ । अहिले उनी जुम्ल्याहा छोरी र सुत्केरी श्रीमतीको स्याहारसुसारमा व्यस्त छन् । उनी भन्छन्( एक महिना भयो, काममा जान नपाएको । म गरिबलाई यस्तो आइलाग्यो हजुर ! कहाँ जाऊँ, कसलाई गुहारूँ । कुरा सुनिदिने कोही छैन । ऋण धन गरेर सुत्केरी खर्च र न्वारान उतारें । अब त्यो ऋण कसरी तिर्ने ? श्रीमतीको स्याहारसुसार गर्ने कि काममा जाने ? साह्रै आपत पर्‍यो।

उता कमला दर्लामी, आफ्नो अप्रेसन असफल पारिदिने डाक्टरप्रति क्रुद्ध छिन् । उनी भन्छिन्( अप्रेशनपछि बच्चा हुन्न भनेको त झन् जुम्ल्याहा पो भए, यो कस्तो परिवार नियोजन सेवा हो ।

त्यसो त यसै गाविस वडा नं. ५ की गोमा कार्कीको पनि स्थायी परिवार नियोजन असफल भएको छ । उनले पनि कमलासँगै अप्रेशन गरेकी हुन् । उनीहरू सँगै सदरमुकाम तानसेन एउटै जीपमा बसेर गएर अप्रेशन पनि एउटै डाक्टरले गरिदिए । अप्रेशनपछि उनीहरू सुखी जीवनको कल्पना गर्दै सँगै फर्के । तर विडम्बना ! गोमा कार्कीले पनि गत वैशाखमा छोरो जन्माइन् । उनी पनि अहिले अप्रेशनपछिको पीडा सम्झदै बसेकी छिन् । यो एउटा संयोग मात्र हो कि डाक्टर लापरबाही पनि ? अहिले सो क्षेत्रमै प्रश्न उब्जेको छ ।

स्थानीय नेपाली कांग्रेसका कार्यकर्ता मनोहरलाल श्रेष्ठ यस्तो लापरबाहीपूर्ण तरिकाले अप्रेशन गर्ने डाक्टरलाई कारबाही गर्नुपर्ने र यस्ता ‘केसहरू’ बाहिर आउनुपर्ने विचार व्यक्त गर्नुहुन्छ ।

उद्योगी कृष्ण खनालको विचार भने बेग्लै छ । उहाँ भन्नुहुन्छ( कारबाहीले मात्रै कहाँ पुग्छ र त्यो डाक्टरले त क्षतिपूर्तिसमेत बेहोर्नुपर्छ ।

तर अधिवक्ता विनोद शर्मा भने यस्तो केसमा क्षतिपूर्ति पाउन लगभग असंभव नै रहेको बताउनुहुन्छ । यसको प्रक्रिया नै अति झन्झटिलो र जटिल छ । फेरि यस्तो केस लिएर कोही पनि अदालत गएको र क्षतिपूर्ति पाएको घटना नेपालमा हालसम्म छैनन्( उहाँ भन्नुहुन्छ ।

परिवार नियोजनका कतिपय अस्थायी साधनहरूको प्रयोग र स्थायी परिवार नियोजनपछि पनि गम्भीर असर पर्ने गरेका घटना यदाकदा हुने गरेका पाइन्छन् । तर स्थायी परिवार नियोजन असफल भयो भनेर अहिलेसम्म कोही पनि परिवार नियोजन संघ पाल्पामा नआएको कुरा निमित्त परियोजना प्रबन्धक वीरेन्द्रप्रसाद कुमाल बताउनुहुन्छ । उहाँ अगाडि भन्नुहुन्छ( अस्थायीमा ‘साइड इफेक्ट’ भएका कम्पलेन आउँछन् । एउटा अस्थायी साधन नफाप्नेलाई अर्को साधन प्रयोग गर्न सल्लाह र आवश्यक परे उपचारसमेत गरेर पठाउँछौं तर स्थायी परिवार नियोजन असफल भयो भनेर कोही आयो भने यसको व्यवस्था यहाँ छैन भनेर पठाउनुबाहेक अर्को विकल्प हामीसँग छैन ।

कसरी हुन्छ त अप्रेशन असफल ?

महिलाहरूलाई गरिने अप्रेशन दुई प्रकारको हुन्छ । एउटा ट्युवेक टोभी जसलाई मिनिल्याप पनि भनिन्छ र अर्को ल्याप्रोसकोपी । यी दुईप्रकारको अप्रेशनमा पहिलो अप्रेशनमा पहिलो अप्रेशनको घाउको दाग लामो होरिजेन्टल आकार नाइटोभन्दा मुनि हुन्छ । दोस्रो ल्याप्रोसकोपी ट्युव मात्र छिर्न सानो घाउ हुन्छ । पहिलो प्रविधिमा असफल प्रायः हुँदैन तर दोस्रो प्रविधि गर्दा असफल हुने संभावना बढी रहन्छ । ल्याप्रोसकोपी गर्दा डिम्बवाहिनी नलीलाई क्लिप गर्दा राम्ररी नगरेका कारण फुस्केको, डक्टरको बेवास्तापन वा अन्जानमा भूल हुनु, डिम्बवाहिनी नली काट्दा सफा नली नभइसकेकाले महिनावारीका बारेमा महिलाले साँचो कुरा नबताउनाले र कहिलेकाहीं महिलाको प्राकृतिक संरचनाकै कारण पनि असफल हुनसक्ने चिकित्सकहरू बताउँछन् । त्यसो त महिलामा मात्र होइन पुरुषमा पनि यस्ता घटना हुन सक्छन् । महिलाहरूमा हुने असफलताका पछाडि चिकित्सकको ‘हात’ रहेको बताइन्छ भने पुरुषको केसमा परम्परागत सामाजिक धारणाले गर्दा कुरै नबुझीकन महिलाको चरित्रमाथि नै शंका हुन सक्ने घटना नघट्ने होइनन् । महिलाको घटना जसरी बाहिर आउँछन् पुरुष असफलताको घटना भने त्यति बाहिर आउँदैनन् । यस्तोमा महिलाले शारीरिक हिंसा र मानसिक हिंसासमेत भोग्नुपर्ने स्थिति आएका थुप्रै घटनाहरू छन् ।

त्यसो त स्थायी बन्ध्याकरण पूर्ण तया सुरक्षित र सफल हुन्छ नै भन्न सकिँदैन पनि । पुरुषको हकमा प्रतिहजार ३(४ जना र महिलामा २ जनामा असफल हुनुलाई ‘सामान्य’ मान्ने चलन छ । यति दर त विकसित देशमा पनि हुन्छन्( परिवार नियोजन संघका एकजना कर्मचारी भन्छन् ।

परिवार नियोजन संघ पाल्पाबाट प्राप्त जानकारीअनुसार सन् १९९६ देखि हालसम्म यस जिल्लामा २ हजार ५ सय ७४ जनाले स्थायी परिवार नियोजन गरेका छन् । जसमा पुरुषको संख्या १ हजार १ सय ७८ र महिलाको संख्या १ हजार ४ सय ९९ छ । तर यीमध्ये कतिजनामा परिवार नियोजन असफल भयो भन्ने तथ्याङ्क छैन । किनकि त्यहाँकै अधिकृतको भनाइमा कोही पनि कम्पलेन गर्न आएका हुँदैनन् तर सुनिन भने असफल भएको सुनिएको छ( उनी भन्छन् ।

यसमा जिम्मेवारी कसको त ?

परिवार नियोजन संघ पाल्पाका निमित्त परियोजना प्रबन्धक वीरेन्द्रप्रसाद कुमाल भन्नुहुन्छ( उत्तरदायित्व कार्यक्षेत्रभित्र पर्दैन, जिम्मेवारी भने विदेशतिर लिने व्यवस्था छ तर नेपालमा भने नैतिकता र मानवीय हिसाबले यदि डाक्टरले लिन्छ भने लियो नत्र कसैलाई बाध्य गराउन सकिंदैन ।

केही समयअघि भारतमा यस्तै परिवार नियोजनसम्बन्धी केसमा पीडित महिलाले न्यायको निम्ति अदालतको ढोका ढकढक्याउँदा त्यहाँको अदालतले परिवार नियोजन गरिदिने डाक्टरले परिवार नियोजनपछि जन्मेकी बच्चाको लालनपालन, शिक्षादीक्षा र अन्ततः विवाहसम्मको खर्चसमेत बेहोर्नुपर्ने फैसला गरेको थियो । यस सम्बन्धमा एक प्राध्यापक भन्नुहुन्छ( यदि कुनै कारणवश स्थायी नियोजनपछि पनि गर्भ रह्यो भने गर्भपतन गर्न पाउनुपर्छ तर नेपालको कानूनले त यसलाई पनि अवैध मान्दछ । त्यसैले यस सम्बन्धमा छिट्टै कानून बन्नुपर्दछ ।

घरेलु हिंसाबाट पीडित छन् बुहारीहरू
नरहरि आचार्य

रौतहट जिल्लाअन्तर्गत खैसरहिया गाविस वडा नं ८ बस्ने कौशिलादेवी सहनीले गत साउन ९ गते बेलुका विष सेवन गरी आत्महत्या गरिन् । दाइजो कम ल्याएको भनेर उनलाई सासूले दिनरात पिट्ने गर्थिन् । २० वर्षीया श्रीमती कौशिलादेवीलाई पिट्ने काममा उनका श्रीमान् रामप्रित सहनी पनि संलग्न हुँदै आएका थिए ।

एकदिन त सासूले बुहारी कौशिलालाई थाममा बाँधेर नराम्रोसँग पिट्नुका साथै राति नै मरणासन्न अवस्थामा घरबाट निकालिदिइन् । निकालिएको रात उनी छिमेकीको घरमा बास बसिन् । सासूले केवल समयमै खाना नपकाएको रिसको झोंकमा बुहारीलाई साउन ९ गते पनि पिटिन् । केही उपाय तथा अन्य विकल्प नदेखेर उनले आफ्नै घरमा विष सेवन गरी आत्महत्या गरिन् । प्रहरीले सामान्य सोधपुछपछि उनको लोग्ने र सासूलाई छाडिदियो ।

कौशिलादेवीजस्तै तराईको धेरै जिल्लाका ग्रामीण महिलाहरूले बुहारी बन्नुको नियति भोग्दै प्रताडित हुनुपरेको छ । प्रताडित बनेर पनि यही नियतिले गर्दा कैयौं महिलाहरूको अकालमा ज्यान जाने गरेको छ । अल्पविकसित देशको अर्धशिक्षित हाम्रो समाजमा विभिन्न कारणबाट महिलाहरूले शारीरिक तथा मानसिक यातना भोगिरहेका छन् । परम्पराकालदेखि नै बुहारी नामको शब्दलाई हाम्रो समाजले मर्यादित नाता(सम्बन्धको रूपमा सिर्जना गराएको हो । तर त्यही परम्परागत सोचाइमा रहेको समाजकै सदस्यले बुहारीलाई अत्यन्त निकृष्ट व्यवहार गरिराखेको पाइन्छ ।

परिवारमा उत्पन्न समस्याको प्रमुख दोषीको रूपमा बुहारीलाई देख्ने गरेको कारणले पनि महिलाहरू घरेलु हिंसाबाट आक्रान्त छन् । परिवारका सदस्यले भनेको कुनै कुरामा प्रतिवाद गर्ने प्रयास गरेमा उल्टै बुहारीलाई विभिन निहुँ बनाएर यातना दिने गरिएका प्रशस्त उदाहरण पाउन सकिन्छ । रौतहटमा मात्रै विगत तीन वर्षको अवधिमा ३५ जना महिलाले विषसेवन तथा झुण्डिएर आत्महत्या गरेका छन् । यी महिलाले यसरी आत्महत्या गर्नुको पछाडि ठूलो रहस्य रहेको कुरा प्रहरी उपरीक्षक रामचन्द्र खनाल बताउनुहुन्छ । उपरीक्षक खनालका अनुसार अनुचित यौन सम्बन्धको आरोप, घरेलु हिंसा, छोरा नपाएको तथा विभिन्न आरोपका कारण बुहारीहरू पीडित छन् । उहाँ यस्ता कारणबाट समाजको सबभन्दा शोषित महिलाको रूपमा अगाडि आएका बुहारीहरू पीडित हुने क्रम तराईमा अन्य जिल्लाका ग्रामीण भेगमा पनि रहेको बताउनुहुन्छ ।

नेपाल अधिराज्यको संविधान, २०४७ ले धर्म, जाति, लिंग, वर्ण र विचारको आधारमा कसैलाई पनि समान अवसरबाट वञ्चित नगरिने कुराको स्पष्ट व्याख्या गरेको छ । यसरी व्याख्या गरे तापनि न व्यवहारमा लागू भएको छ न त कार्यान्वयन गराउने नियम नै अहिलेसम्म बनेको छ । सन् १९९५ मा चीनको राजधानी बेइजिङ्गमा सम्पन्न चौथो विश्व महिला सम्मेलनले पारित गरेको घोषणापत्रमा समेत लैंगिक विभेद हटाई महिला र पुरुषमा समान अवसर प्रदान गर्ने उल्लेख छ । महिलालाई समान अधिकार प्रदान गर्न कठिनाइ उत्पन्न हुँदै आएकोले १९ वटा कानूनको पुनरावलोकन गरी संशोधन गर्नसमेत बारम्बार माग गरिंदै आएको छ ।

पुरुषप्रधान समाजले महिला वर्गलाई परम्परादेखि नै तल्लो तहमा राखेकाले गर्दा सासू(ससुरा, लोग्ने, जेठाजु, देवरले बुहारीलाई यातना दिनु र हत्या गर्नुलाई सामान्य रूपमा हेरिएकोले यस्ता अपराध बढ्दै गएको कुरा एक समाजशास्त्री बताउनुहुन्छ । महिलाविरुद्ध कार्यरत संस्थाहरूले पनि महिलालाई दिइने यातनाजस्तो संवेदनशील विषयमा स्थानीय प्रशासन, समाज र परिवार बेलैमा सचेत र सजग

हुनुपर्ने कुरामा जोड दिदै आएका छन् । महिला तथा बालबालिकाविरुद्ध हुने गरेको हिंसाका विरुद्ध नेपालमा कार्यरत थुप्रै संस्थाहरू छन् । तीमध्ये महिलाविरुद्धको हिंसाको बारेमा सक्रिय भूमिका खेल्दै आएको ‘साथी’ संस्थाले गरेको सर्वेक्षणअनुसार ७७ प्रतिशत महिलाहरू परिवारकै सदस्यबाट प्रताडित हुन बाध्य छन् । उक्त संस्थाले ५ जिल्लामा १ हजार दुई सय ५० जनासँग गरेको अनुसन्धानमा यति ठूलो मात्रामा महिलाहरू हिंसाको शिकार भएको कुरा उल्लेख गरेको छ । कैयौं महिलाहरू ‘बुहारी’ बन्नुको नियति भोग्न बाध्य भएको यस सानो अनुसन्धानले पनि पुष्टि गर्दछ । संचारकर्मी एवं साथीकी अध्यक्ष बन्दना राणा जबसम्म महिलाको हकहित तथा अधिकारको सुरक्षा गर्न कानूनी आधार तयार गरिदैन तबसम्म घरेलु हिंसाको निर्मूल हुन सक्दैन भन्नुहुन्छ । उहाँको विचारमा पुरुषबाट जहिले पनि हिंसाको केन्द्रबिन्दुमा पर्ने महिला वर्गलाई सचेत र जागरुक बनाउनको निम्ति आवश्यक कदम चाल्न ढिलाइ गरिनुहुँदैन ।

पवित्र एवं मर्यादित नाता(सम्बन्धको रूपमा रहेकी बुहारीलाई छोराछोरीसरह माया ममता दिन किन हामी अभिभावक वर्ग हिचकिचाउने ? बुहारीमाथि गरिने अन्यायपूर्ण भेदभावलाई रोक्ने मानसिकतामा परिवर्तन हुनु अत्यन्त आवश्यक रहेको कुरा समाजसेवी सपुत कार्की बताउनुहुन्छ । उहाँको विचारमा सिंगो नेपाली महिलाहरूको प्रतिनिधित्व गर्ने बुहारीलाई सम्मानजनक व्यवहार गर्ने परिपाटी सबैमा विकसित हुनुपर्छ ।

परम्परागत सीपमा महिलाहरू

रामभरोस कापडी ‘भ्रमर’

जनकपुरकी २५ वर्षीया बेबी कर्ण जब जवानीमा नै विधुवा हुन पुगिन् त्यतिबेला आफ्ना तीनवटा स(साना केटाकेटीको भविष्य पूर्णतः अँध्यारो महसुस गरेकी थिइन् । घरको अवस्था दयनीय थियो । आमा(बाबुले आर्थिक कारणबाट पढाउन सकेका थिएनन् । उनी अन्यौलमा परिन् अब के गर्ने ?

तर जब आफ्नी आमाले बच्चैमा घरको टाटमा चामलको धूलोबाट बनाइएको घोल (पिठार) र गेरुरंगको समिश्रणबाट आकृति बनाएको सम्झिन् तब उसलाई लाग्यो त्यो बनाउन उसले पनि जानेकी छिन् । उनलाई लाग्यो( त्यसको उपयोग अब गर्न सकिन्छ । अनि उनले जनकपुर नगरपालिका वडा नं. ४ स्थित जनकपुर आर्ट एण्ड क्राफ्टमा सम्पर्क गरिन् । मिथिला पेटिंगमा बनाउन सक्ने परीक्षण पास भई र अहिले मासिक २ हजारभन्दा बढी आय गर्दछिन् । कम से कम दुई छाक टार्न अप्ठ्यारो छैन ।

भारतको सुरसण्डबाट आईए पास गरेकी २४ वर्षीय अमृता कर्णको विवाह २०५३ साल वैशाखमा भएको थियो । महोत्तरीको वर्थनाहा घरमै धनुषाको सोनापाडा बिहे गरेकी अमृताले स्वप्नमा पनि सोचेकी थिइनन् कि उनका श्रीमान् विवाहको २ महिनापछि उनीबाट अलग हुन्छन् भनेर । उनी परित्यक्ता भइन् । सामुन्ने ठूलो जीवन थियो । दोस्रो विवाह हुने परम्परा पनि नभएकोले बेसाहारा हुनु अस्वाभाविक थिएन । फेरि पहिलोले छोडेपछि कसले बिहे गर्ला भन्ने डर पनि । आफ्नो सामु विराट अनिश्चिततालाई टार्ने एक मात्र माध्यम बन्यो मिथिला हस्तकलाको ज्ञान । उनी जनकपुर आर्ट एण्ड क्राफ्टमा पुगिन् । सीप देखाइन् अहिले सबै मिलाई दुई हजारभन्दा बढी कमाउन सफल भएकी छिन् ।

जनकपुर क्षेत्रमा मैथिली महिलाहरू कि त पढ्दै(पढ्दैनन् केहीले पढ्ने आँट गरे पनि माध्यमिकस्तरसम्म जान पनि धौधौ पर्दछ । त्यसैले गर्दा अन्ततः घरगृहस्थीमा अल्झिनु सिवाय अरू कुनै काम हुँदैन । परिणामतः आर्थिक कमजोरी, बालबच्चाको जन्मदरमा वृद्धि र गुणात्मक परिवार वातावरणको अभावले जन्म लिन्छ ।

यसले निराशा र घरआँगनको सीमालाई आफ्नो जीवनको आदर्श ठान्ने मैथिली महिलाहरूबीच परम्परागत रूपमा बाँकी रहेको सीपले नयाँ बाटो देखाएको छ । बिना कुनै सैद्धान्तिक प्रशिक्षणको पनि मिथिला लोकचित्र, सेरामिकका सामग्री, कपडाका पोशाकमा चित्र छाप्ने कामहरू राम्ररी गर्न थालेका छन् । र, आज जनकपुरमा नै आधादर्जन यस्ता निर्माण गर्ने केन्द्रहरू सक्रिय छन्, जहाँ कलाकारहरू चित्र बनाउँछन् र राम्रो आय प्राप्त गर्न सफल भएका छन् ।

गाउँघरमा अर्काको खेतमा काम गर्ने पारो मण्डललाई पनि लागेको थिएन कि उनी एक दिन बिहेको अवसरमा टेढो(मेढो आकृति बनाई घर टाटलाई आकर्षक बनाउने उसको कामले पछि उनलाई रोजीरोटी पनि देला । जनपा वडा नं. १ स्थित मिथिला हैण्डीक्राफ्ट सेन्टरमा विगत पाँच वर्षदेखि उनी चित्र बनाउँदै आएकी छिन् । उनी भन्छिन्( आफ्नै गाउँकी एकजना महिलाले चित्र बनाएर पैसा ल्याएको देख्दा आफू पनि बनाउन सक्ने विश्वासले सेन्टरमा पुगें र त्यहीं बनाउन थालें । अब उसलाई मजदुरी गर्नुपर्दैन । हजारभन्दा बढी नगद घर भित्र्याउँछिन् । घरमा उसको सम्मान पनि बढेको छ । उनी खुसी छन् ।

समाजमा तल्लो जात भनी पानी समेत नखाने खतबे जातमा जन्मेकी पारो मण्डलजस्तै अरू पनि प्रशस्त महिलाहरू आफ्नो परम्परागत सीपको कारणबाट जीविकोपार्जन गर्दैछन् । जनकपुर नगरपालिका वडा नं. १२ स्थित चर्चित जनकपुर नारी विकास केन्द्रका महिला कलाकारहरू फुलवा मण्डल, गालो मण्डल यसै वर्गबाट आएका हुन्, उनीहरू आज राम्रो आर्जन गर्न सफल भएका छन् ।

आमाबाबुको दुःख र पारिवारिक वातावरणले शिक्षा त पाउन सकिएन तर परम्परागत सीपले नयाँ उज्यालो ल्याएकोमा उनीहरू सन्तोष व्यक्त गर्दछन् ।

मिथिला पेटिंग व्यवसायको सुरुवात भारतमा तत्कालीन विदेशमन्त्री स्व. ललितनारायण मिश्रको बेला अर्थात् तीन दशकपूर्व भएको मानिएको छ । करोडौं डलरको व्यवसाय मिथिला लोकचित्रको हुन्छ । नेपालमा यो व्यवसाय डेढ दशकदेखि मात्र व्यवस्थित रूपमा शुरु भएको मान्न सकिन्छ । विदेशी ग्राहकहरू नेपालको पेटिंगसलाई खुबै मन पराउँछन् । जनकपुरमा संचालित एउटा केन्द्रले सालमा करोडभन्दा बढीको व्यवसाय गर्ने गरेको ठोकुवा मिथिला हस्तकलाप्रति सैद्धान्तिक चिन्तन गरिरहने विद्वान् डा. राजेन्द्रप्रसाद विमलको रहेको छ । तर त्यसबारे आधिकारिक लगत भने उपलब्ध गर्न सकिएको छैन ।

सामान्य : साना उद्योगहरू दर्ता गर्ने निकाय घरेलु तथा साना उद्योग कार्यालय प्रमुख श्री ध्रुव राजवंशीले आफूहरूसँग पनि चलिरहेको त्यस्ता कुनै उद्योगको आयव्यय बुझ्ने व्यवसाय नभएको बताउँछन् । जनकपुरमा संचालित मिथिला लोकचित्र व्यवसाय गर्ने संख्याहरू नवीकरण गराउँछन् तर के(कति मात्रामा उत्पादन र व्यवसाय गर्छन् भन्न नसकिने बाध्यता उनको रहेको छ । यसले गर्दा यस क्षेत्रमा आउने व्यवसायी र कलाकार दुवैलाई अप्ठ्यारो हुने गरेको पनि महसुस गरिन्छ । मिथिला लोकचित्रको नाउँमा बनाइने चित्रहरू कहिलेकाहीं परम्पराभन्दा भिन्न बनाउनुपर्दछ । जनकपुर नारी विकास केन्द्रकी प्रबन्धक सत्यम बाराकोटी विदेशीहरूको मागअनुसार त्यस्ता चित्रहरू उत्पादन गर्ने गरेको बताउँछिन् । त्यस्तो अवस्थामा महिला कलाकारहरूले राम्रो पारिश्रमिक पनि पाउँछन् ।

तर मिथिला लोकचित्रको व्यवसायमा लेखा अधिकृत भई धेरै अनुभव बटुलिसकेका सुदर्शनलाल कर्ण महिला कलाकारहरूले व्यवसायीहरूबाट उचित मूल्य र पारिश्रमिक पाउन नसकेको गुनासो व्यक्त गर्नुहुन्छ । यो स्थिति सबैतिर देखिएको छ । आफ्नो परम्परागत सीपकै भरमा बाँच्न सक्ने अवस्थासम्म पुऱ्याएको कलाले तत्काल नै उचित पारिश्रमिक नदिए पनि भविष्यमा यसको मूल्यांकन भने अवश्य हुने कुरामा कलाकारहरू विश्वस्त छन् ।

जनकपुर र तराईका अन्य क्षेत्र राजविराज, सिरहा, लाहान, सर्लाही आदि ठाउँमा परम्परागत सीपलाई व्यवसायमूलक रूपमा रोजीरोटीसँग गाँस्न सक्ने प्रशस्त संभावना रहेको छ । तर त्यहाँ यसबारे जनचेतना जगाउने संघ/संस्थाको अभाव रहेको देखिन्छ । एउटा व्यवस्थित प्रशिक्षण केन्द्रको अभावले पनि कलाकारहरूलाई बढी व्यावसायिक दक्षताको तालिम दिन नसकेर गुणात्मक सुधार हुन नसकेको देखिएको छ । जसले गर्दा लोकचित्रमा आउनुपर्ने रंग(संयोजन, चित्रको स्पष्ट आकृति र चिन्तनको छाप हेर्न अप्ठ्यारो नै पर्दछ । सर्लाहीका युवा पत्रकार चन्द्रकिशोर झा ग्रामीण महिलाहरूबीचमा रहेका यी सीपहरूबारे जनचेतना जगाई उनीहरूलाई रोजगारमुखी तालिम दिन संचारमाध्यमले पनि अहम् भूमिका खेल्नुपर्ने धारणा व्यक्त गर्नुहुन्छ ।

जिल्ला प्रशासन कार्यालयमा दर्ता गराएका सयौं गैरसरकारी संस्थाहरूमध्ये केही संस्थाहरूले महिलामा रहेको यो परम्परागत सीपलाई अझ प्रभावकारी रूपमा अगाडि ल्याउन काम गरे ठूलो उपलब्धि हुन्थ्यो । त्यसमा पनि यस क्षेत्रका महिलाहरू जसमा शिक्षाको अभाव छ र अब पढ्न सक्ने स्थिति छैन, तर सीप छ, उनीहरूलाई यतातिर डोऱ्याउन सकिन्थ्यो ।

स्थानीय विकास मन्त्रालयअन्तर्गत रहेको जनजाति विकास समितिले केही महिनापूर्व एउटा प्रस्ताव आह्वान गरेको थियो । परम्परागत सीपमा आधारित रोजगार कार्यक्रमलाई बढाउने खालका परियोजना पनि माग गरिएको थियो । त्यस्तै महिला तथा समाज कल्याण मन्त्रालयले पनि विभिन्न गैरसरकारी संस्थाहरूसँग कार्यक्रम प्रस्ताव माग गर्दै वादी, मुसहर, झाँगर, डोम, दुसाध, राउटे, सतार, धिमाल, चमार, दमाई, कामी, सार्की, थारू, सुनुवार, खतवे र कुमाललगायत पिछडिएर जातिहरूको परम्परागत प्रविधिलाई संरक्षण गर्ने परियोजनामा लगानी गर्न चाहेको थियो । निश्चय पनि यसलाई राम्रो संकेत मान्न सकिन्छ । यसलाई स्थायी परियोजनाको रूपमा स्वीकार गरी ग्रामीण महिलाहरूको आफ्नै सीपलाई बजारमुखी बनाउन सक्ने स्थिति ल्याउन सकियो भने त्यसले महिलाहरूको जीवनस्तरलाई उकास्न ठूलो टेवा मिल्न सक्नेछ ।

विराटनगरका महिला जनप्रतिनिधिहरू
मधु राई

'आफू यो पदमा नरहे पनि आफूले गरेको काम त रहन्छ' भन्नुहुने विराटनगर उपमहानगरपालिका वडा नं. १९ की महिला जनप्रतिनिधि लक्ष्मी राई वडावासीहरूका निम्ति विकास निर्माणको जुनसुकै कार्य गर्न क्रियाशील देखिनुहुन्छ ।

हाज उहाँको क्रियाशीलताबाट वडावासी महिलाहरू पनि प्रभावित भएका छन् । कुनै समय महिला भेला गराउँदा माइकमा 'भेला मात्रै हैन खाजा पनि खुवाइन्छ' भन्दै भेला गराउनुपर्ने महिलाहरू आज खाजा खान होइन राम्राराम्रा कुराहरू सुन्न र सिक्न भेला हुने गरेका छन् ।

महिलाहरूले आन्दोलनसँगसँगै आफूलाई क्रियाशील बनाउनुपर्ने कुरामा सुश्री राई विशेष जोड दिनुहुन्छ । त्यसैले उहाँ आफूलाई सधैं क्रियाशील बनाउन विभिन्न तालिमहरूमा सहभागी हुँदै आउनुभएको छ । हाल उहाँ निम्न आय भएका वडावासीहरूका निम्ति सुलभ चर्पी बनाइदिन व्यस्त हुनुहुन्छ ।

वडा नं. १५ की महिला जनप्रतिनिधि श्रीमती निर्मला भट्टराई पनि आफ्ना वडावासीका लागि चिन्तित हुनुहुन्छ । उहाँले वडाका विभिन्न भौतिक विकासका कार्यदेखि लिएर सामाजिक विकासका सम्पूर्ण कार्यमा आफूलाई क्रियाशील बनाउँदै आउनुभएको छ ।

उहाँले आफ्नो वडामा नगरपालिकाको आर्थिक सहयोगमा प्रौढकक्षाहरू संचालन गरिसक्नुभएको छ । वडाध्यक्ष गणेशबहादुर केसी कामविशेषले बाहिर जाँदा उहाँलाई नै निमित्त बनाएर जाने गरेको कुरा वडावासी बताउँछन् ।

यस्तै अर्की व्यक्तित्व हुनुहुन्छ वडा नं. १६ की महिला जनप्रतिनिधि श्रीमती मीरा अर्याल । उहाँले भर्खरै विद्यालय जान नपाएका बालिकाहरूका लागि बालिका शिक्षा संचालन गर्नुभएको थियो । यसका साथै उहाँले एउटा गैरसरकारी संस्थामार्फत् दुईवटा बाल विकास केन्द्रहरू संचालन गरिरहनुभएको छ । हाल उहाँ संस्थाको स्थायित्वका लागि आर्थिक सहयोग जुटाउन क्रियाशील हुनुहुन्छ ।

विराटनगर उपमहानगरपालिकाका प्रमुख रमेशचन्द्र पौडेलका अनुसार नगरमा जम्मा १३० जना जनप्रतिनिधिहरूमध्ये ३१ जना महिला जनप्रतिनिधि तथा मनोनीत सदस्यहरू छन् । २२ वटा वडा रहेको सो नगरमा २२ जना महिला जनप्रतिनिधिहरूले नगरपरिषद्मा अनुमोदन गराएको वार्षिक रु. एक लाखले यस वर्षदेखि नगरस्तरीय सामाजिक विकासका कार्यहरू संचालन गर्दै जाने कुरा नगर प्रमुख बताउनुहुन्छ । महिला जनप्रतिनिधिहरूले गत वर्षदेखि वार्षिक रु. १५ हजारका दरले पाउने रकमबाट आ(आफ्ना वडामा विभिन्न सीपमूलक कार्यहरू गर्दै आएका छन् ।

स्थानीय निकायमा महिलाहरूको भूमिकाबारे नगरप्रमुख पौडेल भन्नुहुन्छ( स्थानीय विकास निर्माण कार्यमा महिलाहरूलाई क्रियाशील बनाउन कानूनले ४० प्रतिशत महिला राख्ने प्रावधान बनाएको छ । र, महिलाले चाहे भने समाजमा उल्लेखनीय कार्य गर्न सक्छन् । त्यसको निम्ति उनीहरूलाई अवसर पनि चाहिन्छ ।

हिजो जनताले समाजका लागि केही गर्छ भनेर विभिन्न दलका प्रतिनिधिहरूलाई जिताए पनि आज अधिकांश निष्क्रियताले विकास निर्माणको कार्यमा नकारात्मक असर परेको कुरा वडावासी बताउँछन् । यस्तो जटिल परिस्थितिमा महिलाहरूको क्रियाशीलताले निरन्तरता पाउन सके उचित वातावरणसमेत तयार हुँदै जाने कुरा नगर प्रमुख व्यक्त गर्नुहुन्छ ।

यसरी आज स्थानीय निकायमा क्रियाशील महिलाहरूलाई पनि समान अवसर दिदै जाने हो भने उनीहरू पनि समाजका लागि चिन्तित हुन सक्तछन् भन्ने कुरा उपरोक्त महिला गतिविधिले प्रष्ट्याउँछ ।

यद्यपि आज पनि पुरुषप्रधान समाजमा महिलाप्रति गरिने व्यवहारमा परिवर्तन आउन सकेको छैन । अन्य क्षेत्रमा जस्तै विराटनगरमा पनि महिलाहरूको राजनीतिक अवस्था कहालीलाग्दो छ । उनीहरूलाई विकास निर्माणका कार्यमा भन्दा नारा जुलुसमा मात्रै सीमित राखिएको छ भन्ने कुरा कसैबाट छिपेको छैन । २२ वडा रहेको विराटनगर उपमहानगरपालिकामा आज एउटै वडामा पनि महिला वडाध्यक्ष नहुनुले महिलाहरूको राजनीतिक अवस्था प्रष्ट्याउँछ । स्थानीय सरकारले महिलाप्रति सकारात्मक दृष्टिकोण राखी उनीहरूलाई अवसर दिदै जाने हो भने समाजलाई परिवर्तनको संघारमा पुऱ्याउन बल पुग्नेछ ।

महिलाहरूलाई नारा जुलुसमा मात्रै सीमित नराखी विकास निर्माणको कार्यमा सहभागी बनाउन सके त्यसबाट महिला मात्र होइनन, परिवार, समाज र राष्ट्र नै उन्नतिको बाटोमा लम्किने थियो ।

बालविवाहको कुप्रभाव रहेको नगरको एउटा गाउँ
जनक अर्याल

अशिक्षा र रूढीवादी कुसंस्कारको कारण अहिले पनि भरतपुर नगरपालिका वडा नं. ११ लामाटोलका कतिपय बालबालिकाहरू बालविवाहजस्तो गलत परम्पराको शिकार भइरहेका छन् । गत साल १४ वर्षीया सानी कुमाल्नीको गाउँकै राजु कुमालसँग विवाह भयो । विवाह गर्दा राजु बल्ल १६ वर्ष लागेको थियो । लामाटोलमा राजु र सानीजस्ता थुप्रै केटाकेटीको उमेर १६ वर्ष नपुगी विवाह हुने गरेको छ । तीमध्ये कतिको विवाह उनीहरूका अभिभावकहरूको चाहनामा हुने गरेको छ भने कतिले त आफ्नो विवाह अभिभावकहरूको मञ्जुरीबिना आफैले रोजेर गर्ने गर्दछन् । यहाँ सानी र राजुले पनि आफ्नो विवाह आफैले रोजेर गरेका हुन् । उनीहरूले विवाहको निर्णय आफै गरे र केही दिन घरबाट भागी विवाहको विधि पुऱ्याएर फर्के । नेपालको कानूनी व्यवस्थाअनुसार सानी र राजु दुवैको विवाह गर्ने उमेर पुगेको छैन । यो कुरा न त उनीहरूलाई थाहा छ न त उनीहरूको परिवारलाई नै थाहा छ । उनीहरूलाई यति मात्र थाहा छ( केटाकेटीको मञ्जुरीमा विवाह हुन कसैले छेक्न सक्दैन । सानीका बाबुआमाले उनीहरूको विवाह रोक्ने

प्रयास पनि गरेका हुन् । भागेर गइसकेकी सानीलाई फर्काएर लगेका पनि हुन् तर सानी 'मैले मनपरेर विवाह गरेकी हुँ भन्दै फेरि भागेर राजुकहाँ गइन् ।

नेपालमा संरक्षकको मञ्जुरीमा १६ वर्ष नपुगेकी र संरक्षकको मञ्जुरी नभई १८ वर्ष नपुगेकी स्वास्नीमान्छेको गरिएको विवाहलाई गैरकानूनी मानिन्छ । यसैगरी संरक्षकको मञ्जुरीमा १८ वर्ष नपुगेको र संरक्षकको बेमञ्जुरीमा २१ वर्ष नपुगेको लाग्नेमान्छेको विवाहलाई गैरकानूनी मानिन्छ । उमेर नपुगी भएको कुनै विवाह अवैध मानिने र त्यस्तो विवाह गराउने उमेर पुगेको व्यक्ति नेपालको कानूनी व्यवस्थाअनुसार सजायको भागिदार बन्दछ ।

सो वडामा थुप्रै उमेर नपुगेका केटाकेटीको विवाह हुने गरेको भए पनि उनीहरूको आधिकारिक रेकर्ड भरतपुर नगरपालिका वा वडा समितिमा छैन । सोही वडाका वडाध्यक्ष तेजेन्द्रबहादुर खड्का अशिक्षित परिवारमा मात्र उमेर नपुगी विवाह हुने भएकोले उनीहरूले आफ्नो विवाह दर्ता गराउँदैनन् यदि उनीहरू विवाह दर्ता गराउन गए भने पनि उमेर नपुगी भएको विवाह दर्ता हुँदैन त्यसकारण उनीहरू कि त आफ्नो उमेर ढाँटेर विवाह दर्ता गराउँदछन् कि त विवाह दर्ता नै नगरी फर्कन्छन् भन्नुहुन्छ । त्यसैले उमेर नपुगी विवाह हुनेहरूको आधिकारिक संख्या नगरपालिकामा छैन । अधिवक्ता कृष्णभक्त पोखरेल नेपालको कानूनी व्यवस्थाअनुसार उमेर नपुगेका केटाकेटीहरूको विवाह गराउने मुख्य व्यक्तिलाई अधिकतम तीन महिनादेखि तीन वर्षसम्म कैद र पाँच सयदेखि पाँच हजार रुपैयाँसम्म जरिवाना र उमेर पुगेपछि उनीहरूले मञ्जुर नगरे सो विवाह बदर हुने तथा जानीजानी त्यस्तो विवाह गराउने उमेर पुगेका लमी, पुरोहित र अरू सहयोगीलाई अधिकतम तीन महिना कैद र तीन सय रुपैयाँ जरिवाना हुने बताउनुहुन्छ ।

१६ वर्ष उमेर पुगुञ्जेलसम्म त कतिपयको जायजन्मसमेत हुन सक्छ र कति महिला गर्भवती बनिसकेका हुन्छन् । यस्तो परिस्थितिले हाम्रो कानूनी व्यवस्थालाई बुझ्न सकेको छैन । बालविवाहसम्बन्धी व्यवस्था अपुरो रहेको छ भन्दै अधिवक्ता पोखरेल अगाडि भन्नुहुन्छ( बालविवाहजस्तो सामाजिक अपराधमा पनि नेपाली कानूनी व्यवस्था अपुरो रहेको छ । १६ वर्ष नपुगी हुने विवाहलाई कानूनले बदर गर्ने व्यवस्था हुनुपर्दछ ।

उहाँ बालविवाहलाई श्री ५ को सरकारवादी मुद्दाको रूपमा सुनुवाइ हुने व्यवस्था गरिनुपर्दछ, त्यसो भयो भने जोसुकैले पनि त्यस्तो घटनामा उजुरी गरी त्यस्तो विवाह तुरुन्तै बदर गराई दोषीमाथि सजाय हुन सक्ने बताउनुहुन्छ । अखिल नेपाल महिला संघ २००८ की जिल्ला अध्यक्ष तथा सामाजिक कार्यकर्ता शारदा कुमाल बालविवाह दलित तथा जनजातिका अशिक्षित, रूढीवादी र विपन्न परिवारमा बढी हुने गरेको बताउनुहुन्छ । उहाँ बालविवाह रोक्न एकातिर यहाँका विपन्न आर्थिक अवस्थाका मानिसहरूको जीवनस्तर उकास्नुपर्दछ भने अर्कोतिर हरेक बालबालिकालाई व्यावहारिक शिक्षा दिनुपर्ने बताउनुहुन्छ । कतिपय शिक्षित केटाकेटीहरूले पनि कुप्रभावको कारण बालविवाह गरेको उदाहरण दिदै उहाँ भन्नुहुन्छ( हाम्रो शिक्षा प्रणाली पनि व्यावहारिक छैन । हुर्कंदा केटाकेटीलाई आवश्यक यौन शिक्षा दिई उनीहरूको शारीरिक अवस्थामा भएको परिवर्तनको उचित ढंगले जानकारी दिइनुपर्दछ जसले गर्दा उनीहरूले गलत बाटो अवलम्बन नगरून् । अशिक्षाको कारण कतिपय अभिभावकहरूको आफ्ना छोरीहरूको महिनावारी नहुँदै गोडाको जल खाने र स्वर्ग जाने परिकल्पना गर्दै उमेर नपुग्दै विवाह गरिदिने गर्दछन् । आर्थिक रूपमा कमजोर कतिपय अभिभावकहरू आफ्नो धेरै सन्तानहरूको पालनपोषण गर्न नसकेको कारण पनि छोरीको उमेर नपुग्दै विवाह गरिदिने गर्दछन् । अझ कतिले त पैसाको लोभमा पनि आफ्ना कलिला छोरीहरूको विवाह गरिदिने गर्दछन् भने फिल्मी कुप्रभावको कारण उमेर नपुग्दै कतिपय केटाकेटीले पनि आफै विवाह गर्ने गरेका छन् । सानै उमेरमा विवाह भएका कारण कतिपय किशोरीहरूको प्रसूति अवस्थामा मृत्यु हुने गरेको छ भने कतिको चाँडै सन्तान जन्माएका कारण प्रजनन स्वास्थ्यमा प्रत्यक्ष असर परेको छ । तसर्थ सदियौंदेखि चल्दै आएको कुप्रथा बालबालिकाहरूलाई निरुत्साहित गर्न हरेक हुर्कंदो केटाकेटीलाई व्यावहारिक शिक्षा दिइनुपर्ने, अशिक्षित समुदायमा जनचेतना अभिवृद्धिका कार्यक्रमहरू गरी उनीहरूको चेतनास्तर उठाउनुपर्ने र बालविवाहलाई कानूनी रूपमा निरुत्साहित गर्न बालविवाहको विरुद्धमा कडाभन्दा कडा सजायको व्यवस्था हुनुपर्ने राय बुद्धिजीवीहरू व्यक्त गर्दछन् ।